# फाल्गुनन्द गाउँकार्यपालिका बैठक

आ.व. २०७९/८० को बैठक संख्याः ०७
मिति २०७९/१०/२९ गते

फाल्गुनन्द गाउँपालिका गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री बृज हाङ आङदेम्बेज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपशिलः

अध्यक्ष श्री बृज हाङ आङदेम्बे

उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङ

वडा अध्यक्ष श्री होम प्रसाद आङ्देम्बे

वडा अध्यक्ष श्री सन्तोष कुमार नेम्बाङ

वडा अध्यक्ष श्री सुखवीर नेम्बाङ

वडा अध्यक्ष श्री दल बहादुर नेम्बाङ

वडा अध्यक्ष श्री नारायण प्रसाद आङ्देम्बे

वडा अध्यक्ष श्री देउ कुमार आङदेम्बे

वडा अध्यक्ष श्री विष्णु कुमार चेम्जोङ

सदस्य श्री विमला लिम्बू

सदस्य श्री आइतमायाँ लिम्बू

सदस्य श्री कमला पराजुली दुलाल

सदस्य श्री हर्कमायाँ नेपाली

सदस्य श्री टंक परियार

सदस्य श्री जसिमायाँ कमिनी

सदस्य-सचिव श्री निर्मल तुम्रोक

| | |
|---|---|
| प्रस्ताव नं. १. | अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा । |
| निर्णय नं. १. | मिति २०७९/०९/२१ गते बसेको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । कार्यान्वयन पाटो सन्तोषजनक रुपमा रहेको पाइयो । |
| प्रस्ताव नं. २. | हिउँदे गाउँसभा सम्बन्धमा । |
| निर्णय नं. २. | गाउँपालिकाको हिउँदे गाउँसभा आगामी फागुन ५ र ६ गते आव्हान गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. ३. | अर्थ मन्त्रालयको २० प्रतिशत खर्च कटौती सम्बन्धी परिपत्र सम्बन्धमा । |
| निर्णय नं. ३. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३०५ मिति २०७९/१०/२० गतेको पत्र अनुसार तोकिएको खर्च शिर्षकबाट २० प्रतिशत बजेट कटौती गरी मात्र खर्च गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. ४. | राष्ट्रपति रनिङ शिल्डमा सहभागी विद्यालयहरुलाई प्रोत्साहन खर्च सम्बन्धमा । |
| निर्णय नं. ४. | राष्ट्रपति रनिङ शिल्डमा सहभागी विद्यालयहरुलाई जनही रु. १५,०००।– यातायात खर्च स्वरुप विविध खर्च शिर्षकबाट प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो । |
| प्रस्ताव नं. ५. | विपद् प्रभावितहरुको नामावली स्वीकृति सम्बन्धमा । |
| निर्णय नं. ५. | यस गाउँपालिकामा गत वर्ष विपद्बाट प्रभावित भएका घर परिवार र COBO COLLECT मा ENTRY गरिएको तपशिल बमोजिमका घर परिवारहरुको नामावली NDRRMA MIS मा Approval र Verification गर्ने निर्णय गरियो ।<br>१. मनि कुमार आङदेम्वे-फाल्गुनन्द ७<br>२. देउ मान आङदेम्वे फाल्गुनन्द-७<br>३. नरेन्द्र पोखेल फाल्गुनन्द-७<br>४. दान बहादुर दर्जी फाल्गुनन्द-७<br>५. कृष्ण बहादुर नेम्वाङ फाल्गुनन्द -४<br>६. मन विर नेम्वाङ फाल्गुनन्द -४<br>७. लाल प्रसाद नेम्वाङ फाल्गुनन्द -४<br>८. स्याम बहादुर नेम्बाङ फाल्गुनन्द-४<br>९. नारायण प्रासाद चेम्जोङ फाल्गुनन्द-४<br>१०.कृष्ण मिखोक्पा फाल्गुनन्द -१<br>११.गोल मान मिखोक्पा फाल्गुनन्द-१ |
| प्रस्ताव नं. ६. | पुर्ण खोप सुनिश्चित कार्यक्रम सम्बन्धमा । |
| निर्णय नं. ६. | आगामी बैशाख मसान्त भित्र गाउँपालिकालाई पुर्ण खोप सुनिश्चित गर्नु पर्ने बाध्यकारी व्यवस्था रहेकोले वडा तथा स्वास्थ्य चौकी तदारुकताका साथ पुर्ण खोप सुनिश्चित गर्ने कार्यमा लाग्ने निर्णय गरियो । |
| प्रस्ताव नं. ७. | आगलागी पिडितलाई राहत सहयोग सम्बन्धमा । |
| निर्णय नं. ७. | गाउँपालिकामा आगलागी भई तपशिल बमोजिम क्षति भएका घर परिवारहरुलाई विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ अनुसार रहात सहयोग उपलब्ध गराउने निर्णय गरियो ।<br>१. कमल नेपाल फाल्गुनन्द ७ रु १५०००।–<br>२. सन मान् नेम्बाङ फाल्गुनन्द ४ रु ३००००।- |

| | |
|---|---|
| प्रस्ताव नं. ८. | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको पुन एकिकरण कार्यक्रम सम्न्धमा । |
| निर्णय नं. ८. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार वोर्डको सचिवालयको पत्रानुसार वैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरुका लागी पुनः एकिकरण कार्यक्रम (संचालन एवं व्यवस्थापन निर्देशिका, २०७९ अनुसार पुनःएकिकरण कार्यक्रम संचालनमा गर्दा प्रस्तावनामा पेश गरिएको कुल रकम मध्ये स्थानीय तहले व्यहोर्ने रकम रु. ११,२५,०००/- यस गाउपालिकाको समपुरक कोषबाट ब्यहोर्ने निर्णय गरीयो । |
| प्रस्ताव नं.७. | जनयुद्ध दिवसमा सार्वजानिक विदा दिने सम्बन्धमा । |
| निर्णय नं.७. | २०७९/११/०१ गते जनयुद्ध दिवस् परेको हुँदा फाल्गुनन्द गाउँपालिका अन्तर्गतको सम्पूर्ण सरकारी कार्यालय र सार्वजनिक निकायहरु विदा दिने निर्णय गरियो । |
| प्रस्ताव नं.८. | गाउँ सभाको सचिवालय सम्बन्धमा । |
| निर्णय नं.८. | तपशिल वमोजिम गाउँसभा सचिवालय समिति रहने निर्णय गरियो ।<br>तपशिलः<br>१. श्री निर्मल तुम्रोक, प्रमुख प्रशासकीय अधिकृत - संयोजक<br>२. श्री निर्मल अधिकारी, योजना तथा प्रशासन शाखा - सदस्य<br>३. विषयगत शाखा प्रमुख, (सबै) - सदस्य |
| प्रस्ताव नं.९. | स्वास्थ्य तर्फ रिक्त दरवन्दीमा पदपूर्ति सम्बन्धमा। |
| निर्णय नं.९. | स्वास्थ्य तर्फ रिक्त रहेको तपशिल बमोजिम पदहरुमा पदपुर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गरी पठाउने निर्णय गरियो ।<br>१. एच ए ७ जना<br>२. अहेब ३ जना<br>३. अनमी ७ जना<br>र हाल रिक्त रहेको पदहरुमा स्थायी पदपुर्ति नभए सम्म करार सेवामा पदपुर्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो । |